

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क १५९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असार ७ गते शुक्रबार ❑ 21 June 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## गण्डकी प्रदेश सरकारले जवाफ दिन नसक्दा संसद स्थगित

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असार

गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्ष ०८१-०८२ का लागि प्रस्तुत गरेको बजेटमा गडबड भएको प्रमुख प्रतिपक्ष दल एमालेले आरोप लगाएको छ।

बिहीबार प्रदेश सभामा बजेटमाथिको छलफल कार्यक्रममा बोल्दै एमाले प्रदेश सभा सदस्य लिलबहादुर थापा मगरले बजेटमा भएको गडबडका सम्बन्धमा विभिन्न विषय उठान गर्नुभएको थियो । उहाँले बजेटमा देखिएको कमजोरीका कारण सरकार र अर्थमन्त्रीप्रति नैतिकताको संकट देखा परेको दावी गर्नुभयो। सरकारले आगामी आर्थिक वर्षको लागि ३२ अर्ब ९७ करोड ८५ लाख ७५ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ। यसरी प्रस्तुत गरिएको बजेटको खर्च गर्ने श्रोतको बारेमा उल्लेख गरिएको अंकको जोड कुल बजेटसँग बराबर नभएपछि यो विषयले संसदमा प्रवेश पाएको हो। थापामगरले बजेटको श्रोतमा संघ सरकारबाट १२ अर्ब



५८ करोड ५४ लाख, राजश्व बाँडफाँडबाट ९ अर्ब ६१ करोड १२ लाख, रोयल्टी बाँडफाँटबाट ४८ करोड १० लाख, आन्तरिक राजश्वबाट ५ अर्ब १७ करोड, आन्तरिक ऋणबाट १ अर्ब ७० करोड तथा आर्थिक वर्ष २०८०-२०८१ को योजना बजेटबाट बचेको कार्यान्वयनपछिको बजेट २ अर्ब ९४ करोड मौज्दात भनेर श्रोत उल्लेख गर्दा कुल बजेटसँग हिसाब नमिलेको खुलस्त पार्नुभयो।

यो जोड्दा कुल बजेट भन्दा ४९ करोड ९ लाख ७५ हजार अपुग हुन्छ । 'यहीं नै फुल बजेट भनिएको छ, पुग्यो त? सरकार तर्फबाट जवाफ चाहियो' उहाँले भन्नुभयो । सरकारले हडबडमा गडबड भएको भनेर सुःख नपाउने उहाँको तर्क थियो। यो विषयमा स्पष्ट जवाफ नआउँदासम्म संसद चल्न नसक्ने उहाँको भनाई थियो। आफूले यस अगाडिको संसदमा समेत हिसाब नमिलेको कुरा प्रष्ट रुपमा राखेको स्मरण उहाँले गराउनुभयो । थापाको भनाई पश्चात एमाले गण्डकी प्रदेश संसदीय दलका प्रमुख सचेतक गोविन्द बहादुर नेपालीले स्पष्ट जवाफ नआए बैठक सञ्चालन गर्न नदिने बताउनुभयो। त्यसपछि बैठक १० मिनेटका लागि स्थगित भयो । तर, १० मिनेटका लागि स्थगित भएको बैठक २ घण्टा भन्दा बढी समय पछि साढे ४ बजे बल्ल सुरु भयो। त्यसपछि अर्थमन्त्री डा.टक बहादुर गुरुङले दिनुभएको जवाफमा प्रमुख प्रतिपक्ष दलले चित्त बुझाएन । प्राविधिक त्रुटि भनेर मात्र नहुने त्यसको स्पष्ट जवाफ आवश्यक पर्ने उसको माग थियो । एमालेका प्रमुख सचेतक नेपालीले यो विषयमा प्रष्ट नभइकन सदन चल्न सम्भव नभएको बताउनुभयो।

'मन्त्रीज्यूको जवाफ पनि आयो एउटा सिधा विषय के छ भने ३२ अर्ब ९७ करोड ८५ लाख ७५ हजार विनियोजित रकममा खर्च गर्ने जुन-जुन श्रोतहरु बजेटमा देखाइएको छ त्यो स्रोतहरु जोड्दाखेरी टोटल बजेट आउन पर्छ की पर्दैन? हाम्रो प्रश्न यहीं मात्र हो। ४९ करोड ७ लाख ७५ हजार रुपैयाँको श्रोत कहाँ गयो? सिधा विषय छ यसमा। के विगतका बजेट यस्तै आउने गर्दथे?' सचेतक नेपालीको प्रश्न थियो । खर्च बेहोर्ने श्रोतहरु जोड्दा कुल बजेट आउनुपर्ने विषय सामान्य भएको भएपनि त्यसमा के भयो भन्ने चित्तबुझ्दो जवाफ नआएको उहाँले खुलाउनुभयो।

## 'पूर्ण संस्थागत प्रसूति'को लक्ष्यनजिक गण्डकी

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असार

पछिल्लो जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण (एनडीएचएस)ले गण्डकी प्रदेशमा संस्थागत प्रसूति हुनेदर ९६ प्रतिशत देखाएको छ। राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनअनुसार गण्डकीमा प्रति एक लाख जीवित जन्ममा मातृ मृत्यु एक सय ६१ रहेको छ।

मातृ मृत्युदर हेर्दा कतिपय महिला अझै पनि असुरक्षित तवरले घरमै सुत्केरी हुने गरेको देखिन्छ। यसरी घरमा हुने प्रसूतिलाई शून्यमा झारेर गण्डकीलाई 'पूर्ण संस्थागत प्रसूतियुक्त प्रदेश' बनाउन अभियान सुरु गरिएको छ। गुणस्तरीय मातृ तथा नवशिशु सेवाको प्रत्याभूतिसहित 'पूर्ण संस्थागत प्रसुति' सुनिश्चितता भएको प्रदेश घोषणा गर्ने प्रदेश सरकारको लक्ष्य छ। गर्भवती तथा सुत्केरी अवस्थामा आउन सक्ने जटिलता न्यूनीकरण गर्न स्वास्थ्य सेवा र निगरानीको पहुँच अभिवृद्धि गर्न अभियान थालिएको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले जनाएको छ । प्रदेश स्वास्थ्य निर्देशनालयका अस्पताल नर्सिङ प्रशासक अन्जु पौडेलले उक्त अभियानअन्तर्गत गर्भवती दर्ता र निगरानीलाई मुख्य जोड दिइएको बताउनुभयो । "मोबाइल एप्समा गर्भवतीको नाम र विवरण दर्ता हुन्छ", उहाँले भन्नुभयो, "गर्भजाँच, परामर्श सेवा, स्वास्थ्य संस्था जानुपर्ने मितिसहितको सन्देश मोबाइलमा जान्छ।" प्रदेशका ११ वटै जिल्लाका स्वास्थ्य संस्था, प्रसूति केन्द्रका स्वास्थ्यकर्मी र महिला स्वयंसेविकालाई गर्भवती दर्ता र निगरानीको तालिम प्रदान गरिएको निर्सिङ प्रशासक पौडेलले जानकारी दिनुभयो । "यो अभियानबाट प्रदेशमा रहेका गर्भवती महिलाको सङ्ख्या पनि यकिन हुनुका साथै सबै गर्भवतीले स्वास्थ्य संस्थामा पुगेर तालिमप्राप्त स्वास्थ्यकर्मीबाट प्रसूति सेवा लिने अवस्थाको सिर्जना हुन्छ", उहाँले भन्नुभयो। प्रसूति केन्द्रको सबलीकरण, सचेतना अभिवृद्धि, स्वास्थ्यकर्मीलाई तालिम, उपकरणसहित पर्याप्त स्रोतसाधनको प्रबन्ध गर्नसके छिट्टै गण्डकी प्रदेशलाई 'पूर्ण संस्थागत प्रसूतियुक्त प्रदेश' घोषणा गर्न सकिने नर्सिङ प्रशासक पौडेलले बताउनुभयो । स्वास्थ्य 'प्रोटोकल'अनुसार गर्भवती महिलाले आठपटक गर्भ जाँच र सुत्केरी भइसकेपछि चार पटकसम्म स्वास्थ्य जाँच गराउनुपर्ने उहाँले बताउनुभयो । 'पूर्ण संस्थागत प्रसुतियुक्त प्रदेश' प्रदेश घोषणामात्र गरेर नहुने भन्दै उहाँले त्यसको निरन्तर सुनिश्चितता महत्त्वपूर्ण हुने बताउनुभयो। निर्देशनालयका निर्देशक खिमबहादुर खड्काले गर्भवती पहिचान र सुत्केरी भएपछि ४२ दिनसम्म उनीहरूको विशेष स्वास्थ्य हेरचाह र उपचारमा सहज पहुँचको सुनिश्चितता गर्नुपर्ने बताउनुभयो। तथ्याङ्कमा केही प्रतिशत अझै पनि स्वास्थ्य संस्था बाहिर सुत्केरी हुने गरेको देखिएको भन्दै छुटेकालाई स्वास्थ्य संस्थामा ल्याइने उहाँले बताउनुभयो । "गर्भवती भएर स्वास्थ्य संस्थाको सम्पर्कमा आएका महिलालाई स्वास्थ्य नियम (प्रोटोकल) अनुसार गर्भजाँच, सुरक्षित प्रसूति सेवा र सुत्केरी जाँचको सुनिश्चितता गर्नु नै यो अभियानको उद्देश्य हो", निर्देशक खड्काले भन्नुभयो, "शिशु र मातृमुत्युदर घटाउन यसले ठूलो मद्दत पुऱ्याउँछ ।" उहाँले प्रदेश सरकारले सो अभियानलाई प्राथमिकताका साथ बजेट र कार्यक्रममा समावेश गरेको बताउनुभयो। मातृ तथा नवशिशु मृत्युदरलाई न्यूनीकरण गर्न प्रदेशका सबै जिल्लामा ' कम्प्रीहेन्सिभ इमर्जेन्सी अब्सट्रेटिक एण्ड नियोनेटल केयर' सेवा विस्तार गरी मातृशिशु मृत्यको नियमित निगरानी गरिने भएको छ । संस्थागत सुत्केरी प्रवर्द्धन, 'सिमुलेसन बेस्ड मेन्टरसीप' कार्यक्रम, रणनीतिक स्थानमा प्रसूति प्रतिक्षा गृह र ग्रामीण भेगमा अल्ट्रासाउण्ड सुविधा विस्तार गरिने प्रदेशको सरकारको आगामी आव २०८१/८२ को बजेटमा उल्लेख छ। प्रदेशका केही वडा र स्थानीय तहले 'पूर्ण संस्थागत सुत्केरी' सुनिश्चता भएको घोषणा गरिसकेका छन् । मन्त्रालयका जनस्वास्थ्य प्रशासक सुरज गुरौले कोही पनि गर्भवती स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाको सम्पर्कबाट नछुटुन् भन्ने उद्देश्यले अभियान सञ्चालन गरिएको बताउनुभयो । "गर्भवतीको पहिचान र निगरानी गर्न मोबाइल सफ्टवेयर प्रणाली अपनाइएको छ", उहाँले भन्नुभयो, "स्वास्थ्यकर्मीले घरघरै गएर गर्भवती दर्ता गर्ने, विवरण ल्याउने र गर्भजाँचका लागि स्वास्थ्य संस्था गए/नगएको अनुगमन गर्नुहुन्छ।"

## कारबाहीविरूद्ध सर्वोच्चमा रिट

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असार

सर्वोच्च अदालतमा गण्डकी प्रदेशमा नेकपा (माओवादी केन्द्र) संसदीय दलको कारबाहीविरूद्ध प्रदेशसभा सदस्य फणीन्द्र देवकोटाले रिट निवेदन दायर गर्नुभएको छ।

गण्डकी प्रदेशका मन्त्रीसमेत रहनुभएका देवकोटाले बिहीबार दायर गरेको रिट निवेदनमा आफूमाथि भएको कारबाही गैरकानुनी भएको उल्लेख गर्दै उक्त निर्णय कार्यान्वयन नगर्न आदेश माग गरिएको छ। रिट निवेदनमा गण्डकी प्रदेशका सभामुख कृष्णप्रसाद धिताल, प्रदेशसभा सचिवालय, नेकपा (माओवादी केन्द्र) केन्द्रीय कार्यालय, प्रदेश कार्यालय, प्रदेश समिति, संसदीय दलका नेता हरिबहादुर चुमान र निर्वाचन आयोगलाई विपक्षी बनाइएको छ। रिट निवेदनमा गत जेठ २९ को पत्र र जेठ ३२ को सूचना कार्यान्वयन नगर्नु आदेशको माग गर्दै प्रदेशसभा सदस्यको हैसियतमा पूर्ववत् कामकाज गर्न कुनै अवरोध नगर्नु भनी अन्तरिम आदेशको माग गरिएको छ । देवकोटा विसं २०७९ को निर्वाचनमा माओवादी केन्द्रको चुनाव चिन्ह लिएर गोरखा २ (१) बाट उनी निर्वाचित हुनुभएको थियो । माओवादी संसदीय दलको ह्विप उल्लङ्घन गर्दै गत २८ जेठमा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलाई विश्वासको मत दिएपछि माओवादी संसदीय दलले कारबाही गरेको थियो।

## राजदूत नियुक्तिलाई थप व्यवस्थित एवं मर्यादित बनाइन्छ : प्रधानमन्त्री

**रासस**
काठमाडौं, ६ असार

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राजदूत नियुक्तिलाई थप व्यवस्थित, मर्यादित, पारदर्शी एवं कार्यसम्पादनमा आधारित बनाइने बताउनुभएको छ । प्रतिनिधिसभाको बिहीबारको बैठकमा सांसदहरूले सोध्नुभएका प्रश्नको जवाफ दिँदै उहाँले नेपालको संविधान र परराष्ट्र नीतिले परिलक्षित गरेअनुसार राष्ट्रको सर्वोपरी हित हुनेगरी राजदूतहरूको नियुक्ति

**बाँकी अन्तिम पृष्ठमा ▶▶**



# हेमजा भेट्रान्स कप उपाधिका लागि पोखरा १२ र १३ भिड्दै

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असार

हेमजा भेट्रान्स कपको फाईनलमा पोखरा १२ र १३ प्रवेश गरेको छ।

बिहिवार भएको सेमिफाईनलको पहिलो खेलमा पोखरा १२ ले १० लाई ७-० को गोल अन्तरले पराजित गर्दे फाईनल प्रवेश गरेको हो। पोखरा १२ का नितिस श्रेष्ठले खोलको ६,४९,र ५५ औं मिनेटमा ३ गोल गर्दै ह्याट्रिक गरे।

साथै २६ औ मिनेटम सचितजगं थापाले १ गोल, ३५औं मिनेटमा सुरज श्रेष्ठले १ गोल, ५० औं मिनेटम सन्तोष कार्कीले थप १ गोल र अन्तिम ६९ औं मिनेटमा तिर्थराज आचार्यले १ गोल गरेका थिए । उक्त खेलको म्यान अफ दि म्याच पोखरा १२ का नितिस श्रेष्ठ घोषित भए । सोहि दिन भएको दोस्रो सेमिफाईनल खेलमा पोखरा १३ ले १७ लाई ३-१ गोल अन्तरले पराजित गर्दे फाईनल





प्रवेश गरेको हो। सो खेलमा पोखरा १३ का राजकुमार गुरुङले खेलको १६ औं मिनेटमा पहिलो गोल गरे।

नरेन्द्रजगं गुरुङले २८ औं र ४७ औं मिनेटमा गरि थप २ गोल गरेका थिए। पोखरा १७ का बेद बहादुर थापाले खेलको ६७ औं मिनेटमा १ गोल गर्न सफल भएका थिए। उक्त खेलको म्यान अफ दि म्याच पोखरा १३ का नरेन्द्रजगं गुरुङ घोषित भए। यस संगै शुक्रवार हेमजा भेट्रान्स कप उपाधिका लागि पोखरा १२ र १३ भिडने छन्। भोलिको फाईनल खेल संगै समापन समारोह महानगरपालिका नगर प्रमुख धनराज आचार्य ज्यूको प्रमुख अथित्यतामा सु-सम्पन्न हुने आयोजकले बताएको छ। प्रतियोगितामा प्रथम हुने टीमले नगद १ लाख ११ हजार ११ र द्धितिय हुने टीमले ५५ हजार ५ सय ५५ नगद सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन।

साथै सर्वोकृष्ट खेलाडीलाई नगद रु ५,००० र सर्वाधिक गोलकर्ता, गोलरक्षक, डिफेन्डर, मिडफिलड, फरवार्ड लाई प्रत्यक विधामा नगद रु २०००- साथमा ट्रफी प्रदान गरिने छ । हेमजा यूनाईटेडको आयोजना तथा पोखरा महानगरपालिकाको संरक्षणमा पोखरा-२५ हेमजा, गौरीशंकर खेलमैदानमा असार १ गतेदेखि जारी अन्तर वडा स्तरीय हेमजा भेट्रान्स कप २०८१को भोलि ७ गते सम्पन्न हनेछ ।

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कास्कीको प्रगति समिक्षा

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असार

प्रधानमन्त्रीकृषिआधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन एकाइ,कास्कीको आर्थिक बर्ष २०८०-८१ को स्वीकृत बार्षिक कार्यक्रमको कार्य प्रगती सहित नीति तथा कार्यक्रम कार्यान्वयनका लागि समन्वय बैठक बिहिबार सम्पन्न भएको छ।

कार्यक्रममा सो परियोजनाका समन्वय तथा अनुगमन समिति संयोजक तथा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधरले कृषि क्षेत्रमा आत्मनिर्भर हुन थप आधुनिकीकरण र यान्त्रीकिकरण मजबुत बनाउन आबश्यक भएको हुँदा आगामी आर्थिक बर्षको कार्यक्रम त्यसतर्फ केन्द्रित गर्न आग्रह गर्नुभयो ।

पौडेलले कृषकहरू व्यावसायिक बनाउने गरि कृषि उद्यमशिलताको प्रबर्द्धन गर्ने नीति बनाउन आग्रह गर्दै बादर लगायतका बन्यजन्तुका कारण सृजित समस्याको न्यूनीकरण र निराकरण गर्ने योजना र कार्यक्रम निर्माण गर्न स्थानिय तह सहित सरोकारवाला कार्यालयहरूलाइ आग्रह गर्नुभयो। पशु पन्क्षी सहित



कृषि बिमा कार्यक्रम थप प्रभाबकारी बनाउन आग्रह गर्दै विभिन्न कृषीजन्य उत्पादनहरूमा पकेट बिकास कार्यक्रम, क्षेत्र बिकास कार्यक्रममा मागमा आधारित उत्पादन र आपूर्ती ब्यबस्थापनमा ध्यान दिन आग्रह गर्नुभयो । उत्पादिन बस्तुहरूको बजारीकरणमा ब्यबिस्थत नीति बनाउन, पशु चौपायाहरूमा सरूवा र संक्रामक रोगहरूको निदान र रोकथाममा थप प्रभाबकारिताअपनाउनआग्रहगर्नुभयो।

कार्यक्रममा सो कार्यालयका प्रमुख बरिष्ठ कृषि अधिकृत रोशन अधिकारीले कार्यालयको प्रगती विवरण पेश गर्दै सम्पादित कार्यहरू लक्ष्य अनुरूप सम्पादित भएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा रुपा गाउँपालिकाका प्रमुख नवराज ओभा, कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, कास्कीका जिल्ला समन्वय अधिकारी नवराज बराल, जलस्रोत तथा सिचाइ डिभिजन कार्यालयका प्रमुख रमेशराज शर्मा, पोखरा उद्योग बाणिज्य संघका महासचिब बलराम आचार्य, जिल्ला बन कार्यालयका डिभिजनल बन अधिकृत कोमलराज काफ्ले, पोखरा महानगर आर्थिक बिकास महाशाखा प्रमुख मनहर कडरिया, भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र कास्कीका प्रमुख शम्भुराज पाण्डे, तरकारी सुपर जोन संचालन समन्वय समिति कास्कीका संयोजक कृष्ण प्रसाद तिवारी, कृषि ज्ञान केन्द्र कास्कीका प्रमुख किरण सिग्देल, परियोजनाका कृषि अधिकृत निशा कडेल सहितले आफ्नो धारणा ब्यक्त गर्नुभएको थियो ।

सो कार्यालयका समन्वय तथा अनुगमन समिति संयोजक तथा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

# शिवशक्तिमा आँखा शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असार

नेपाल यूवा रेडक्रस सर्कल शिवशक्ति मा.वि. को आयोजनामा सम्पन्न निःशूल्क आँखा शिविरबाट झण्डै ४ सय जना लाभान्वित भएका छन् ।

पोखरा ११ स्थित नेपाल यूवा रेडक्रस सर्कल शिवशक्ति मा.वि. को आयोजनामा बुधबार विद्यालयमा भएको शिविरबाट झण्डै ४ सय जना लाभान्वित भएका हुन् ।

कार्यक्रमको पोखरा महानगरपालिका वडा नं ११ का वडा अध्यक्ष प्रेमप्रसाद कर्मचार्यले उद्घाटन गरे । उनले शारीरिक स्वस्थता मानिसको आवश्यकता रहेको बताए । उनले आँखाको नानी जीवनको केन्द्र रहेको बताउँदै आँखा सुरक्षासम्बन्धी सचेतना विद्यालय तहबाटै बढाउन आवश्यक रहेको बताए।

हिमालय आँखा अस्पतालका निर्देशक धर्मेन्द्रकुमार घोडासैनीले विद्यालय स्तरमा आँखा सुरक्षासम्बन्धी कार्यक्रम निकै प्रभावकारी कार्यक्रम रहेको औल्याउँदै शरिरको सबैभन्दा संवेदनशिल अंग आँखाको सुरक्षामा ध्यान दिन विद्यार्थीलाई आग्रह गरे ।

जुनियर यूवा रेडक्रस समिति संयोजक रमेशराज भण्डारीले कार्यक्रमका हिसावले



नमुना विद्यालयको रुपमा शिवशक्तिलाई लिएको बताउँदै यस्तै उदाहरणीय कार्यक्रमहरुलाई निरन्तरता दिन आग्रह गरे ।

कार्यक्रममा सल्लाहकार सूर्यप्रसाद तिमिल्सिना, शिक्षक गोविन्द प्रसाद अधिकारी, गुरुप्रसाद तिवारी, राजकुमार गुरुङ लगायतले बोलेका थिए ।

कार्यक्रममा डा प्रेरणा भण्डारी, सन्ध्या ढकाल, एलिना अधिकारी र प्रमिला पौडेलसहितको टोलिले आँखाको चेकजाँच गर्नुका साथै आँखा स्वास्थ्य सम्बन्धी प्रशिक्षण दिएका थिए। कार्यक्रममा १५ जनालाई निःशूल्क चस्मा वितरण गरिएको शिक्षक नायक शर्मिला बराल सापकोटाले जानकारी दिइन् ।

ने.यू.रे.स. शिवशक्ति मा.वि.का अध्यक्ष यूवती जि.सी.को अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन शिक्षक नायक शर्मिला बराल सापकोटाले गरेकी थिइन्।

# राजदूत ...

हुने स्पष्ट पार्नुभयो ।

“राष्ट्रको सर्वोपरी हित हुनेगरी विदेशस्थित कूटनीतिक नियोग तथा नियोग प्रमुखलाई परिचालन गर्न सरकार प्रतिबद्ध छ”, प्रधानमन्त्रीले भन्नुभयो । उहाँले देशको हित र कूटनीतिलाई मजबुत बनाउन वस्तुगत आधारमा राजदूतहरूको मूल्याङ्कन गरी सोहीअनुरूप व्यवस्थापन गर्ने नीति सरकारले अवलम्बन गर्दै आएको स्पष्ट पार्नुभयो ।

त्यसैगरी नदीको प्रकृति र यसले पारिररहेको असरलाई दीर्घकालीन व्यवस्थापन गर्नुपर्ने देखिएकोउल्लेखगर्दैप्रधानमन्त्री दाहालले संयुक्त राष्ट्रसङ्घको परियोजना सेवामार्फत जलवायु परिवर्तनसँग अन्तरसम्बन्धित गरी प्रतिवेदन तयार गरिएको र कार्यान्वयमा ल्याउने प्रक्रिया अगाडि बढेको जानकारी दिनुभयो ।

श ु क ल ा प ॊ ा ँ ट ा राष्ट्रिय निकुञ्जबाट प्रभावितको समस्याका बारेमा सरकार गम्भीर रहेको उल्लेख गर्दै उहाँले विषयको संवेदनशीलतालाई आत्मसात् गर्दै विभिन्न आयोगका सुझाव समेटी पीडित जनताका समस्या स्थायी रूपमा समाधान गर्न सरकार कटिबद्ध रहेको स्पष्ट पार्नुभयो ।

**Embassy of India**
**Kathmandu (Nepal)**

## Vacancy Announcement


1. ECHS Branch, Defence Wing, Embassy of India invites applications for the following post for ECHS Polyclinic Pokhara:-

| S.N. | Vacancy for the Post | Place |
|---|---|---|
| 1. | Medical Officer | ECHS Polyclinic Pokhara |

2. For qualification, work experience, salary, terms & conditions and other details, see website www.indembkathmandu.gov.in
3. Applications to be submitted at the following address by 31 July 2024.

**Pokhara**
**Officer-in-Charge**
**ECHS Polyclinic**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**
**Tele No. : 061-430232**

**कपालको उपचार**
**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**
**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**
**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कल्पनाले विश्वमाथि शासन गर्दछ । – नेपोलियन

## सम्पादकीय

# महिलालाई नेतृत्वमा ल्याउने अठोट गर

नेपाली कांग्रेसका नेताहरूले निर्वाचन प्रणालीमा सुधार गर्न संविधान संशोधनको आवश्यकता देखेका छन।संविधानले हरेक क्षेत्रमा महिलाको एक तिहाइ प्रतिनिधित्व सुनिश्चित गरेको छ । प्रतिनिधिसभा , राष्ट्रिय सभा र प्रदेश सभामा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व छास्थानीय तहमा चालिस प्रतिशत महिलाको प्रतिनिधित्व छ । राजनीतिक दलको हरेक तहका कमिटीमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व छासंविधान र कानुनले तोकेको भन्दा अघि बढेर महिलालाई जनसंख्याको आधारमा आधा हिस्सा दिन दलहरु तयार देखिदैनन्। प्रतिनिधिसभा र प्रदेश सभामा महिलालाई प्रत्यक्षमा उमेदवार बनाउन नेपाली काङ्ग्रेस अनुदार देखिन्छ। पार्टीले अवसर पाएको बेलामा पनि महिलालाई नेतृत्व दिन काङ्ग्रेसले उदारता देखाएको छैन ।

प्रतिस्पर्धी दलहरुबाट प्रत्यक्षमा महिलालाई उमेदवार बनाउँदा काङ्ग्रेसले समानुपातिकमा सिमित गरेको छ। महिलालाई प्रत्यक्षमा उमेदवार बनाउँदा पार्टीले हार्ने हो भन्ने मानसिकताबाट काङ्ग्रेस मुक्त हुन सकेको छैन । महिलालाई प्रत्यक्षमा टिकट दिन चौतर्फी दबाबपछि काङ्ग्रेस नेताहरुले प्रत्यक्ष निर्वाचनमा महिलाको सहभागिता बढाउन छुट्टै सिट निर्धारण गर्नुपर्नेमा जोड दिएका छन् । नेपाल महिला संघले बिहीबार गरेको कार्यक्रममा सहभागीले निर्वाचनमा सबै राजनीतिक दलले थोरै संख्यामा महिला उम्मेदवार बनाउने गरेकाले विजयी हुनेको संख्या पनि कम हुने भन्दै महिलाका लागि छुट्टै सिट निर्धारण गर्नुपर्ने प्रस्ताव अघि सारेका छन् । कांग्रेस सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले प्रत्यक्ष निर्वाचनमा महिलाका लागि छुट्टै सिट निर्धारण गर्नुपर्ने विषय सकारात्मक रहेको बताएका छन। “प्रत्यक्ष निर्वाचनमा महिलाको सहभागिता बढाउन अलग्गै सिटको व्यवस्था गर्नुपर्छ भन्ने सकारात्मक विषय हो”, देउवाको मत छ । सभापति देउवाले मुलुकमा भएको समावेशी समानुपातिक व्यवस्थाले महिलालाई राज्यका हरेक क्षेत्रमा स्थान दिएको र उक्त व्यवस्थाले आगामी दिनमा पनि अझ सशक्त र प्रभाकारी भूमिका निर्वाह हुँदै जाने अपेक्षा गरे ।

संसारमा महिला अधिकार र समावेशी समानुपाति व्यवस्थाका विषयमा आवाज उठिरहेको भन्दै उनले नेपालमा यसको उपलब्धिकारुपमा राष्ट्रपति पदमा महिला सहभागी भइसकेको उल्लेख गरेर आफ्नो दलको योजना सुनाउन सकेनन । भोलिका दिनमा महत्वपूर्ण जिम्मेवारीमा महिला आउन सक्ने संभावना देखाएर देउवाले त्यसका लागि तयारी गरेर आफूलाई योग्य र सक्षम बनाउन सबै महिलालाई आग्रह गरे । कांग्रेस वरिष्ठ नेता डा शेखर कोइरालाले महिलाले राजनीतिक सशक्तिकरणका साथै आर्थिक र सामाजिक सशक्तिकरण पनि आफूलाई सक्षम बनाउँदै लैजानुपर्ने बताए । उनले विद्यमान आरक्षणको प्रतिशत वृद्धिको मागसँगै त्यसका लागि आफू सक्षम हुनुपर्नेमा जोड दिए । नेताकोइरालाले संविधान संशोधन गरेर भए पनि आगामी दिनमा प्रत्यक्ष निर्वाचनमा महिलाले मात्र प्रतिस्पर्धा गर्नेगरी सिट निर्धारणको व्यवस्था गर्नुपर्ने धारणा व्यक्त गरे । समावेशी र समानुपातिक प्रतिनिधित्व सुनिश्चितताका लागि प्रमुख दलहरूबीच सहमति पहिलो शर्त हो।अहिलेको संविधानले दिएको भन्दा बढी अधिकार दिलाउन काङ्ग्रेस तयार छ भन्ने ब्यवहारमा देखिएको छैन ।

पार्टीको नेतृत्व तहमा महिलालाई ल्याउन काङ्ग्रेस अगुवा बन्न सक्छ।भनाइ र गराइमा एक रुपता नआएसम्म संचार माध्यमको खपतका लागि उठाइएको विषय पार्टीको बटम लाइन मान्न सकिदैन। समाजमा देखिएका महिला हिंसा र द्वन्द्व न्यूनीकरणका लागि महिला संघले नेतृत्वदायी भूमिकाका साथ अभियान सञ्चालन गर्नुपर्नेछ। महिला संघसँग राजनीतिक संघर्षको लामो इतिहास भएको संझेर समाजमा शान्ति कायम गर्न, थिति स्थापित गर्न महिलालाई नेतृत्वमा अठोट लिएपुग्छ । प्रत्यक्ष निर्वाचनमा महिलाले मात्र प्रतिस्पर्धा गर्ने व्यवस्था गर्न संविधान संशोधनका कुरा जनताको सहानुभूति बटुल्ने काम मात्र हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# दक्षिण अफ्रिकाद्वारा अमेरिका पराजित

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ असार

आइसिसी टी-ट्वान्टी विश्वकप २०२४ को पहिलो सुपर-आठमा दक्षिण अफ्रिकाले अमेरिकालाई पराजित गरेको छ । दक्षिण अफ्रिका अमेरिकालाई १८ रनले पराजित गर्दै विजयी भएको हो । अन्तर ष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार एक सय ९५ रनको लक्ष्य पछ्याएको अमेरिका निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै एक सय ७६ रनमा समेटियो । अमेरिकाका एन्ड्रिस गौसले सर्वाधिक ८० रन बनाए। उनले ४७ बलमा ५ चौका र ५ छक्कासहित ८० रनका योगदान दिए ।

त्यस्तै हरमीत सिंहले २२ बलमा २ चौका र ३ छक्कासहित ३८ रन बनाए । स्टिभन टेलरले २४, नितेश कुमारले ८ तथा कोरी एन्डरसनले १२ रन जोडे । दक्षिण अफ्रिकाका कागिसो रबाडाले तीन विकेट लिए भने केशव महाराज, एनरिच नोर्किया र तबरेज शाम्सीले समान एक एक विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको दक्षिण अफ्रिकाले निर्धारित २० ओभरमा ४ विकेट गुमाउँदै एक सय ९४ रनको योगफल बनाएको थियो । क्विन्टन डि ककले सर्वाधिक ७४ रनको योगदान दिए । उनले ४० बलमा ७ चौका र ५ छक्कासहित ७४ रन बनाएका हुन् । कप्तान एडेन माक्रमले ३२ बलमा ४ चौका र १ छक्कासहित ४६ रन जोडेभने हेनरिक क्लासेन २२ बलमा ३ छक्कासहित ३६ रनमा बनाए । ट्रिस्टन स्टब्सले १६ बलमा २ चौकासहित २० रन बनाए । अमेरिकाका हरमीत सिंह र सौरभ नेत्रवालकरले समान दुई दुई विकेट लिए ।


# कालीगण्डकी र शालग्राम संरक्षणका लागि नागरिक-अभियान

**ध्रुवसागर शमा**
म्याग्दी,६ असार/रासस

कालीगण्डकी नदीलाई प्रदूषणमुक्त बनाई धार्मिक र आर्थिक महत्वले युक्त मानिएको शालग्राम शिलाको संरक्षणका लागि जनस्तरबाट स्वःस्फुर्त रूपमा नागरिक-अभियान सञ्चालन गरिएको छ । धार्मिक, आर्थिक र पर्यावरणीय दृष्टिकोणले समेत महत्वपूर्ण मानिएको कालीगण्डकी नदीमा मात्रै पाइने बहुमूल्य शिला शालिग्राम चोरी निकारी र अवैधरूपमा गरिएको व्यापक नदी दोहनका कारण मासिँदै जान थालेपछि म्याग्दीका नागरिकले यसको संरक्षणका लागि अभियान सञ्चालन गरेका हुन् ।

शालिग्राम संरक्षण अभियानले शालिग्रामको चोरी निकासी र दोहन रोकेर संरक्षणका लागि समुदायमा सन्देश प्रवाह गराउने तथा सरोकारवालालाई दबाब दिन कालीगण्डकीको शिलाहरूमा हिन्दूहरूले पुज्दै र मान्दै आएका देवीदेवता तथा भगवानको नाम लेख्ने अभियान चलाएको हो । “कालीगण्डकी नदीलाई प्रदूषणमुक्त बनाउन र विश्वमा नै खोजिने तर कालीगण्डकी नदीमा मात्रै पाइने शालग्राम शिलाको संरक्षण गर्न हामीले कालीगण्डकी बचाउँ र शालग्राम जोगाउँ अभियान संचालन गरेका हौँ” कालीगण्डकी तथा शालग्राम संरक्षण समितिका संयोजक तथा अभियन्ता नेत्रबहादुर महतले भन्नुभयो । कालीगण्डकी नदी र शालिग्राम शिलालाई विश्व सम्पदा सूचीमा समावेश गर्न, नदीको स्वच्छता र पवित्रता कायम गरी प्रकृति र पर्यावरणको जगेर्ना गर्ने अभियानको उद्देश्य रहेको संयोजक महतले बताउनुभयो । अभियानअन्तर्गत गत सोमबार म्याग्दी र कालीगण्डकी नदीको दोभानमा सरसफाइ गरिनुका साथै त्यहाँ रहेका शिला (पत्थर)हरूमा शालग्रामका विभिन्न पर्यायवाची नामसँग सम्वन्धित देवीदेवताहरूको नाम लेखिएको छ । इनामेल र विभिन्न रङको प्रयोग गरेर शिलामा भगवान र दवीदेवताका नाम लेखिएको संयोजक महतको भनाइ छ ।अभियानमा सर्वसाधारण, साधु, सन्त र पर्यावरणप्रेमी नागरिकहरूको संलग्नता रहेको छ । अभियन्ताहरूले कालीगण्डकी तटका शिलाहरूमा हरहर गङ्गे, मच्छेमूर्ति, महाकुर्ममूर्ति, बराहमूर्ति, लक्ष्मीनारायण लगायत देवीदेउताका नाम लेखेका छन् । सोही अवसरमा दुई नदीको दोभानमा सरसफाई गर्नुका साथै भजनकीर्तन र कविता वाचन समेत गरिएको थियो । “संसारभरका हिन्दू धर्मावलम्बीहरूले शालग्राम शिलालाई भगवान् विष्णुको अंशका रूपमा पुज्ने गर्छन्” संयोजक महतले भन्नुभयो, “कालीगण्डकी नदीमा मात्र पाइने धार्मिक, आर्थिक र जैविक महत्वले युक्त यो शिला कालीगण्डकीमा बढ्दो प्रदूषण, गैरकानुनी रूपमा अवैज्ञानिक तरिकाले गरिने नदी उत्खनन र चोरी निकासीका कारण संकटमा पर्दै लोपोन्मुख अवस्थामा पुगेकोले यसको संरक्षणका लागि नागरिक स्तरबाट यो अभियान संचालन गरेका हौँ ।” ‘कालीगण्डकी बचाऔँ अभियान’ र ‘प्रकृति, पर्यावरण र शालिग्राम संरक्षण समिति’मा आबद्ध अभियानीहरूले गत जेठ ६ गतेदेखि म्याग्दीको प्रसिद्ध गलेश्वरधामबाट बागलुङ हुँदै पर्वतको मोदीवेणीधाम सम्मको क्षेत्रमा अवस्थित प्रमुख धर्मघाटहरूमा शालिग्राम भगवानका नाम शिलाङ्कित गरेका छन् । गण्डकी स्नान गरी हरिहर सङ्कृतनका साथ शिलाहरूमा भगवानका नाम अङ्कित गरिएको अभियानका प्रवक्ता रेमबहादुर खत्रीले बताउनुभयो । कालीगण्डकी नदीको पवित्रता एवम् चक्राङ्कित र निष्चक्राङ्कित शालिग्राम शिला र नदी संरक्षणको सन्देश दिनु पनि अभियानको उद्देश्य रहेको उहाँको भनाइरहेको छ । “प्रदूषण र उत्खनन्का कारण कालीगण्डकी नदीको जलचक्र प्रणाली नै प्रभावित भएको छ, कालीगण्डकीसँगै शालग्रामको समेत अस्तित्व सङ्कटमा छ । कालीगण्डकी नदी र शालग्राम संरक्षणमा सरोकारवाला निकायहरूको पनि ध्यानाकर्षण होओस् र जनस्तरमा सन्देश पनि पुगोस् भनेर यो अभियान थालिएको हो”, प्रवक्ता खत्रीले भन्नुभयो, “सभ्यता बोकेको नदी मानवीय अतिक्रमणको चपेटमा छ, यसतर्फ बेलैमा सबैको ध्यान जानु जरुरी छ ।” नदी र खोलाका किनारैकिनार खनिएका सडक, अव्यवस्थित सहरीकरण र विकास गतिविधि, प्रकृति दोहन आदि कारणले मानव र प्राणी जगत जोखिममा परेको उहाँले बताउनुभयो । म्याग्दी, पर्वत र बागलुङ जिल्लामा पर्ने कालीगण्डकी नदी आसपासका क्षेत्रहरूबाट व्यापकरूपमा कालीगण्डकी नदी दोहन भइरहेको र नदीको प्राकृतिक बहाव परिवर्तन हुनुका साथै शालग्राम शिलाको समेत नास भैरहेको अर्का अभियन्ता यामबहादुर घिमिरेले बताउनुभयो । कालीगण्डकी नदी किनारका आनन्द बगर, फोर्से, सती बगर, राजा बगर, सहश्रधारालगायत क्षेत्रमा सञ्चालित दर्जनौँ क्रसर उद्योगले मनोमानी नदीजन्य पदार्थ उत्खनन् गर्दै आएका स्थानीयको भनाइरहेको छ । अव्यवस्थित उत्खनन्का कारण नदी कुरुप बन्दै गएको मात्र छैन, ठाउँठाउँमा नदीको धार नै परिवर्तन भइरहेको घिमिरेले बताउनुभयो । “भौतिक विकास र पूर्वाधार निर्माणका लागि नदीजन्य पदार्थको आवश्यकता पर्छ भन्नेकुरा थाहाँ छ, तर नदीका ढुङ्गा, वालुवा रातारात गैरकानुनीरुपले निकालेर केही व्यक्तिहरू मोटाउने र प्राकृतिक सम्पदाहरूको नास गर्ने काम अनुचित हो” अभियन्ता गौरव शर्माले भन्नुभयो,“गिट्टी, बालुवाका लागि खानीको विकास गर्नुपर्छ, ‘ड्याम’ बनाएर सङ्कलित नदीजन्य पदार्थलाई प्राधिकरणमार्फत वितरण गर्ने व्यवस्था सरकारले मिलाउनुपर्छ ।” कालीगण्डकीको जलाधार क्षेत्रमा आठ हजार मिटरभन्दा अग्ला तीनवटा हिमालय पर्वत श्रृङ्ला धवलागिरि, अन्नपूर्ण र मनाश्लु रहेका छन् भने आठ हजारदेखि छ हजार मिटरसम्मका दुई दर्जनभन्दा धेरै हिमशिखर रहेका छन् । कालीगण्डकीको जलाधार क्षेत्रमा मुस्ताङ, म्याग्दी, पर्वत, बाग्लुङ, स्याङ्जा, गुल्मी, पाल्पा, तनहुँ, नवलपुर, नवलपरासी गरी १० जिल्ला रहेका छन् । नदीको अप्राकृतिक दोहनले मुक्तिनाथदेखि देवघाटसम्म कालीगण्डकी तटमा रहेका दर्जनौँ तीर्थस्थलसमेत संकटमा परेका छन् ।

हिमालय क्षेत्रको दामोदरकुण्ड, मुस्ताङको मुक्तिक्षेत्र हुँदै दक्षिण बग्ने कालीगण्डकीसँग आफ्नै प्राचीन सभ्यता छ । यससँग जोडिएको हिमालय सभ्यताको पौराणिक तथा धार्मिक साहित्यमा चर्चा गरिएको पाइन्छ । यस क्षेत्रका फाँटहरूमा प्राचीनकालदेखि नै सांस्कृतिक गतिविधि हुने गरेको विभिन्न धर्मग्रन्थहरूमा उल्लेख छ । चिनियाँहरूले रेशम व्यापारका क्रममा हिमालय भञ्ज्याङ पार गरी कालीगण्डकीको किनारैकिनार पोखरा, पाल्पा, तानसेन, लुम्बिनी हुँदै भारतसम्मको यात्रा गरेको इतिहासमा उल्लेख छ । कालीगण्डकी नदीको वातावरणीय र पारिस्थितिक स्थितिमा नै खतरा उत्पन्न हुने गरी भइरहेको नदी दोहनका कारण कालीगण्डकी नदीको जलचक्र प्रणाली पनि खल्बलिदा शालिग्रामको अस्तित्व सङ्कटमा पर्दै गएको वातावरण संरक्षणकर्मीहरूको भनाइ रहेको छ । नदीबाट जथाभावी डोजर र स्काभेटरको प्रयोग गरी गिटी, बालुवा र ढुङ्गा निकाल्दा धार्मिक र आर्थिक महत्वले युक्त शालिग्राम शिला गिट्टीमा परिणत हुँदै गएका शालिग्रामका अध्येता रंगराज आचार्यले बताउनुभयो । कालीगण्डकीको शिर मुक्तिनाथ र दामोदरकुण्डलाई हिन्दू र बौद्धमार्गी दुवैले पवित्र क्षेत्र मान्दछन् ।



# एमालेद्वारा पर्वतारोहीलाई सम्मान

**रासस**
पोखरा, ६ असार

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले हिमाल आरोहणमा विभिन्न कीर्तिमान कायम गर्ने पर्वतारोहीलाई सम्मान गरेको छ । ललितपुर, च्यासलस्थित एमाले मुख्यालयमा आयोजित कार्यक्रममा एमाले अध्यक्ष केपी शर्मा ओलीले हिमाल आरोहणमा विभिन्न कीर्तिमान कायम गर्ने पर्वतारोहीलाई सम्मान गर्नुभएको हो ।

उहाँले विश्वको दोस्रो सर्वोच्च शिखर केटु हिमाल छ पटक आरोहण गर्ने मिङ्मा डेभिड शेर्पा, एकै सिजनमा तीनपटक सगरमाथाको सफल आरोहण गर्नुभएकी पूर्णिमा श्रेष्ठलगायत पर्वतारोहीलाई खादा लगाई सम्मान गर्नुभयो । अध्यक्ष ओलीले सन् १९५० मा पहिलोपटक अन्नपूर्ण हिमाल आरोहण गर्ने फ्रेन्च नागरिक मौरिस हर्जोगलाई भेटेर सम्मान गर्न आफू पेरिस गएको स्मरण गर्दै पर्वतारोहीप्रति आफ्नो सम्मान र माया रहेको बताउनुभयो । कार्यक्रममा एमालेका सचिव गोकर्ण विष्ट, स्थायी कमिटी सदस्य भानुभक्त ढकाल, नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट)का अध्यक्ष विनोद श्रेष्ठलगायतको सहभागिता थियो ।

**गण्डकी प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८१/०३/०५

यस कार्यालयबाट मिति २०७७/०५/१७ मा कास्की जिल्ला मादी-५, कास्कीमा संचालन गर्ने गरि पोखरा २९ कास्की निवासी बुद्धी बहादुर घिमिरेको नाउँमा दर्ता भएको फर्म दर्ता नं. १७३४७/०७७/०७८ को साइना एकीकृत कृषि फर्म नामक प्राईभेट फर्मको मिति २०८१/०३/०५ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

# मिलेनियम ट्रेकमा समेटिँदै महत्वपूर्ण गन्तव्य

**वासुदेव पौडेल**
गण्डकी,६ असार/रासस

तनहुँको दुलेगौँडादेखि स्याङ्जाको रामबाछा जोड्ने मध्यपहाडी पदमार्ग मिलेनियम ट्रेकमा विभिन्न नयाँ गन्तव्य जोड्न पहल थालिएको छ।

पोखरा पर्यटनको राजधानी घोषणा भइसकेको अवस्थामा पर्यटकको बसाइँ लम्ब्याउन आसपासका गन्तव्यको प्रवर्द्धन र विकासका लागि पोखरा महानगरसँग जोडिएको यस पदमार्गलाई अन्य गन्तव्यसँग जोड्ने गरी मिलेनियम ट्रेक व्यवस्थापन समितिले सक्रियता बढाएको हो । स्थापनाको २५औँ वर्ष लाग्दै गर्दा यस मार्ग क्षेत्रमा २५ वटै विशेष कायक्रम गर्ने तयारी गरिएको मिलेनियम ट्रेक व्यवस्थापन समितिका महासचिव हर्क गुरुङले बताउनुभयो । "स्थापनाको २५औँ वर्षका अवसरमा सन् २०२५ को जनवरी १ देखि डिसेम्बरको अन्त्यसम्म हामीले विभिन्न कार्यक्रम गरी मनाउने तयारी गरेका छौँ", उहाँले भन्नुभयो, "यो पदमार्गको उद्घाटन सन् २००० जनवरी १ मा हालका राष्ट्रपति रामचन्द्र पौडेल (तत्कालीन मन्त्री)ले गर्नुभएका कारण २५औँ वर्ष विशेष कार्यक्रमसहित मनाउने सोच छ।" स्थापना भएको केही समयपछि नै देशमा सुरु भएको द्वन्द्वलगायत कारण अपेक्षित गति लिन नसके पनि कोरोना महामारीयता पदमार्गमा स्वदेशी एवं विदेशी पर्यटकको आकर्षण बढिरहेको उहाँले बताउनुभयो।

पछिल्लो समयमा समितिले विभिन्न अत्यावश्यकीय पूर्वाधार विकाससँगै यसको दायरालाई अझै फराकिलो बनाउने सोच राखी नयाँ नक्साङ्कनसमेत गरिरहेको छ । यसैक्रममा तनहुँको दुलेगौँडाबाट स्याङ्जाको रामबाछा जोड्ने ७२ किलोमिटर दूरीमा रहेको पदमार्गमा नछोएका पोखराका महत्वपूर्ण गन्तव्यलाई नक्साङ्कन समेटिएको छ। पदमार्गको पुनःनक्साङ्कनको काम भूगोलविद् सहप्राध्यापक डा



रामजी पोखरेल नेतृत्वको टोलीले गरेको हो । नयाँ नक्साङ्कनमा पोखरा महानगरपालिका-१७ को विरौटादेखि निर्मलपोखरी, भरतपोखरी, प्युरीदोभान हुँदै मिलेनियम ट्रेकको लामागाउँमा जोडिसकिएको सहप्राध्यापक डा पोखरेलले जानकारी दिनुभयो । यसले भरतपोखरी र निर्मलपोखरीका पर्यटकीय गन्तव्यलाई प्रवर्द्धन गर्ने र ओझेलमा परेका भरतपोखरीको मल्लकालीन कोटभैरव मन्दिर, हुडिकोट, बरपाण्डेथुमको महारुद्रथान फोक्सिङकोट आदि धार्मिक एवं पर्यटकीय गन्तव्यको प्रवर्द्धनमा पनि टेवा पुग्ने उहाँको विश्वास छ। नयाँ नक्साङ्कनमा यसअघि छुटेका तनहुँकै धार्मिक पर्यटकीयस्थल च्यवनधाम, वंशु पार्क, तमु हिल पार्क आदि सांस्कृतिक एवं ऐतिहासिकस्थल समेटिएका छन्। समुद्री सतहबाट चार सय २० मिटरदेखि एक हजार ७१५ मिटर उचाइसम्ममा रहेको यो पदमार्ग उच्च पहाडी क्षेत्रमा जान नसक्ने तर पदयात्राको इच्छा राख्नेका लागि उपयुक्त मानिन्छ । पदमार्गको दायरा फराकिलो बनाउने प्रयासस्वरुप मिलेनियम ट्रेक व्यवस्थापन समितिले हालै पुतलीबजार नगरपालिका-८ स्थित क्रान्ति चौतारा, बहाकोट कालिका मन्दिरका साथै पुतलीबजार नगरपालिका-७ स्थित बौद्धस्तूपालाई जोड्ने गरी पहल बढाएको महासचिव गुरुङले बताउनुभयो । विसं २००७ मा जहानियाँ राणाशासनको अन्त्यका लागि क्रान्ति सुरु गरिएको स्थलमध्येको एक क्रान्ति चौतारालाई राजनीतिकरुपमा महत्वपूर्णस्थलका रुपमा लिइन्छ । यहाँस्थित बहाकोट कालिका मन्दिर नेपालका बाइसेचौबिसे राजाको पालादेखि नै अस्तित्वमा आएको प्राचीन तीर्थस्थल हो। अन्यत्र कालिका मन्दिरमा ठाडो मौलो रहने भए पनि यहाँको मौलो भने तेर्स्याएर राखिएको पाइन्छ । दर्शन गरेमा मनले चिताएको पुग्ने विश्वासले यसको गरिमा र महत्व बढाएको पाइन्छ। यी ऐतिहासिक महत्वका गन्तव्यलाई मिलेनियम ट्रेकमा जोड्ने गरी स्थलगत अध्ययन अवलोकन गरिसकिएको उहाँले बताउनुभयो । प्रस्तावित मार्गमा मिलेनियम ट्रेकअन्तर्गतको सादिखोलादेखि सुरु भई लुम्छाक पन्ध्रमुरे, हुदिभञ्ज्याङ, भार्कोट, गैया धोवादी, क्रान्ति चौतारा, बहाकोट कालिका, डाँडास्वरा हुँदै काउलेमा पुगी पुनःमिलेनियम ट्रेकमा जोडिन्छ। यसले यस क्षेत्रको पर्यटन प्रवर्द्धनसँगै महत्वपूर्ण स्थललाई ट्रेकसँग जोड्ने महासचिव गुरुङले जानकारी दिनुभयो। प्राकृतिक विविधताले सम्पन्न यस ट्रेकमा नेपालमा मात्रै पाइने 'काँडेभ्याकुर' चरा पाइने गन्तव्य पनि हो। कूल ७२ किमी दूरीसहितको क्षेत्रफलमा समेटिएको यस पदमार्गको ५२ किमी क्षेत्र वन जङ्गलले ढाकिएको छ। जुनसुकै मौसममा पदयात्रा गर्न सक्ने यो पदमार्गका अधिकांश स्थानबाट धवलागिरि, अन्नपूर्णलगायत हिमशृङ्खला एकसाथ अवलोकन गर्न सकिन्छ भने वनजङ्गल, चराचुरुङ्गी आदिको अवलोकनले यहाँ आउने जोकोहीलाई लोभ्याउने गरेको छ। पोखरा पक्षी समाजका अध्यक्ष मनशान्त घिमिरेले नेपालमा मात्रै पाइने चरा काँडेभ्याकुरसमेत देख्न पाइने भएकाले पदमार्गको महत्व अझ बढी रहेको बताउनुभयो । स्थलगत अध्ययनअनुसार पदमार्ग क्षेत्रमा तनहुँको प्रसिद्ध ढोरबाराही मन्दिरबाट रजस्थल, कोल्माबाट भैँसेगौँडा, बुढाकोट तलतिरको भागलगायत विभिन्न स्थानमा ठूलो सङ्ख्यामा काँडेभ्याकुर पाइएका छन् । पदमार्गका लामागाउँ, घरेडी, भैँसेगौँडा, गहते, बलुलगायत स्थानमा पनि काँडेभ्याकुर फेला परेका उहाँले जानकारी दिनुभयो।

अध्ययनबाट पदमार्ग क्षेत्रमा एक सय ७३ प्रजातिका चरा फेला परिसकेको बताउँदै घिमिरेले सीमित क्षेत्रमा पाइने प्रजातिमध्येको पहाडी चुइँया, पहाडी सेन बाज पनि यस पदमार्गमा फेला परेका बताउनुभयो। उहाँका अनुसार विश्वकै दुलर्भ प्रजाति डङ्गोर गिद्ध,, सुन गिद्ध, अतिसङ्कटापन्न प्रजाति सानो खैरो गिद्ध, सङ्कटापन्न प्रजाति सेतो गिद्धजस्ता धेरै प्रजाति यहाँ पाइएका छन् । अध्ययनले वर्षात्को समयमा यस क्षेत्रमा ६० भन्दाबढी प्रजातिका चराले बच्चा कोरलेको पाइएको बताउँदै उहाँले यस पदमार्गलाई चरा पर्यटनको गन्तव्यका रुपमा पनि विकास गर्न सकिने बताउनुभयो । पदमार्गमा पर्यटकको आकर्षण बढ्दै जाँदा यहाँका बाजस्थल ट्रेडिस्नल रिसोर्ट, कोल्मामा रिसोर्टका साथै विभिन्न १९ स्थानमा घरबाससमेत सञ्चालनमा आइसकेका छन् । पर्यटकलाई स्थानीय उत्पादनका परिकार खुवाउने गरी घरबास सञ्चालक लागिरहेका मिलेनियम भैँसेगौँडा सामुदायिक 'होमस्टे'का अध्यक्ष एवं मिलेनियम ट्रेक व्यवस्थापन समितिका सदस्य बालकुमार गुरुङले बताउनुभयो।

# गण्डकी प्रदेशमा छ वर्षमा ६३ झोलुङ्गे पुल निर्माण

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असार

गण्डकी प्रदेश सरकारको लगानीमा बितेका छ वर्षमा ६३ झोलुङ्गे पुल निर्माण भएका छन्भने दश वटा झोलुङ्गे पुल निर्माणाधीन छन्।

प्रदेश पूर्वाधार निर्देशनालयका अनुसार चालु आर्थिक वर्षमा थप चार झोलुङ्गे पुलको बहुवर्षीय ठेक्काका लागि स्रोत सुनिश्चित गरिएको छ। प्रदेशका ११ वटै जिल्लामा गरी थप ५१ झोलुङ्गे पुल निर्माण सुरु हुने चरणमा छन्।

प्रदेश सरकारको आगामी आव २०८१/०८२ को बजेटमा हिमाली र पहाडी क्षेत्रका पर्यटकीय पदमार्गबाट नजिक रहेका बस्तीसँग सहज पहुँच पुऱ्याउन नदी तथा खोलामा झोलुङ्गे पुल बनाउन विशेष जोड दिइने उल्लेख छ। निर्देशनालयका निमित्त निर्देशक महेन्द्र बानियाँले "स्थानीवासीको माग र आवश्यकता पहिचान गरेर झोलुङ्गे पुल निर्माण गर्ने गरिएको छ, झोलुङ्गे पुलले कृषिउपजलाई बजार ल्याउन पनि सहज भएको छ, गाउँका किसानको दैनिकी पनि फेरिएको छ", भन्नुभयो।

पोखरा महानगरपालिका-२५ हेम्जाका ६४ वर्षीय ऋषिराम पौडेलले आफूहरूका लागि याम्दी खोलामा हालै बनेको झोलुङ्गे पुल वरदान सावित भएको बताउनुभयो । याम्दीपारिको टिमिरेचौरमा बाँझो पल्टिएको सयौँ रोपनी जग्गामा झोलुङ्ले पुल बनेपछि किसानले खेतीबाली लगाउन सुरु गरेको उहाँले सुनाउनुभयो।

"हाम्रा बाउबाजेको मुख्य कृषि उब्जनी गर्ने ठाउँ नै टिमिरेचौर थियो, त्यहीँ घरगोठ थिए, गाईबस्तुपालन हुन्थ्यो", उहाँले भन्नुभयो, "पछि सबै हेम्जातिर सरेपछि त्यहाँको जग्गा बाँझै थियो, पुल बनेपछि अहिले फेरि हराभरा भएको छ।" प्रदेश सरकारले यसै वर्ष त्यहाँ झोलुङ्गे पुल निर्माण गरेपछि विशेष गरी किसानलाई प्रत्यक्ष लाभ पुगेको छ। उहाँले पुल बनाउन जग्गादान गर्नुभएको थियो ।

खेतमा आवातजावतको समस्या, बढ्दो लागत, कृषि गर्ने जनशक्ति अभावजस्ता कारणले पछाडि परेको टिमिरेचौरमा अहिले चहलपहल देखिन्छ ।

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयअन्तर्गतको पूर्वाधार निर्देशनालयमार्फत रु ९१ लाखको लगानीमा उक्त पुल बनेको हो। तल्लो टिमिरचौरमा पनि झोलुङ्गे पुल बनिसकेको छ। चिसाखोलामा प्रदेश सरकारका लगानीमा अर्को पुल निर्माणको तयारी थालिएको छ ।

# बाँदर नियन्त्रण गर्न 'वनको बाँदर वनैमा' कार्यक्रम

**पोखरापत्र संवाददाता**
असार , ६ असार

गोरखाको पालुङ्टार नगरपालिकाले आगामी आर्थिक वर्षमा बाँदर नियन्त्रणका लागि 'वनको बाँदर वनैमा' कार्यक्रम लागू गर्ने भएको छ।

नगरपालिकाले सार्वजनिक गरेको आगामी आव २०८१/८२ को नीति तथा कार्यक्रममा बाँदरबाट बाली जोगाउन नयाँ नीति लागू गर्ने तयारी गरेको नगरप्रमुख विवस चिन्तनले जानकारी दिनुभयो।

"नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानमा किसानले लगाउँदै आएका खेतीबालीमा बाँदर, दुम्सी, मृगलगायतका वन्यजन्तुले बढी क्षति पुऱ्याउने गरेको छ", उहाँले भन्नुभयो, "त्यसका लागि समयमा नियन्त्रणको थालनी नगरे यहाँका किसानहरु कृषि पेशाबाट विस्थापित हुने अवस्था छ।"

जङ्गली जनावरबाट बाली जोगाउँदा जनावरको अधिकारको ख्याल गरी प्राकृतिक उपायहरु अवलम्बन गर्ने नीति नगरपालिकाले लिएको छ। "कार्यक्रम कार्यान्वयनका लागि नगरक्षेत्र भित्र बाँदरको बढी प्रकोप भएका क्षेत्र पहिचान गरिनेछ", नगरप्रमुख चिन्तनले भन्नुभयो, "सोही आधारमा बाँदरलाई जङ्गलमै रोक्न आवश्यक पहल गर्ने गाउँपालिकाको नीति छ।"

कार्यक्रमअन्तर्गत बाँदरलगायत वन्यजन्तुबाट अन्नबाली जोगाउन जङ्गलमा फलफूल तथा बोट विरुवा लगाउने योजना छ । बढी प्रकोप रहेका क्षेत्रका किसानलाई बाँदरलगायतका बन्यजन्तुले नष्ट नगर्ने किसिमका बाली लगाउन प्रोत्साहनसहितको कार्यक्रम सञ्चालन गरिने उहाँले बताउनुभयो ।

"नगरपालिकाको कतिपय क्षेत्रमा खुर्सानी, अदुवा, जौ, बेसार, टिम्मुर, कागती, कटहर जस्ता बालीको सम्भावना रहेको छ", उहाँले भन्नुभयो, "यस्ता बालीबाट प्रशस्त आम्दानी गर्न सकिने र वन्यजन्तुले पुऱ्याउने क्षतिबाट जोगाउन सकिने भएकाले आगामी आवमा नगरपालिकाले वन्यजन्तुको प्रकोप बढी भएको क्षेत्रमा यस्ता बाली लगाउन किसानलाई प्रोत्साहन गर्ने नीति लिएको छ।"

# सहकारी क्षेत्रको समस्या समाधानका लागि प्राधिकरण गठनको तयारी

**रासस**
गण्डकी,६ असार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले सहकारी संस्थामा देखिएको समस्याको दीर्घकालीन समाधानका लागि सबै तहका सहकारी नियमन एवं अनुगमन गर्न प्राधिकरण गठन गर्ने तयारी थालिएको बताउनुभएको छ।

प्रतिनिधिसभाको आजको बैठकमा विनियोजन विधेयकमाथिको छलफलमा उठेको प्रश्नको जवाफ दिँदै उहाँले उक्त प्राधिकरण गठन गर्ने सहमतिका लागि अर्थ मन्त्रालयमा पठाइसकिएको जानकारी दिनुभयो । सहकारीका क्षेत्रमा व्याप्त समस्याको दीर्घकालीन समाधानका लागि मन्त्रालय गम्भीर रहेको उहाँले बताउनुभयो । "सहकारी क्षेत्रको दीर्घकालीन समस्या समाधानका लागि सबै तहका सहकारी नियमन एवं अनुगमन गर्न एक प्राधिकरण गठन गर्नेगरी सहमतिका लागि अर्थ मन्त्रालयमा पठाइसकिएको छ", मन्त्री अधिकारीले भन्नुभयो, "यी सबै संयन्त्र स्थापनाका लागि आगामी आवमा बजेटसमेत व्यवस्था गरिसकिएको छ।"

उहाँले प्रदेश तथा स्थानीय सरकारसँग सहकारी समस्या समाधानका लागि विषयगत समिति गठन गरिएकोसमेत जानकारी दिनुभयो। मन्त्री अधिकारीले अहिलेसम्म २० वटा सहकारीलाई समस्याग्रस्त घोषणा गरी ती सहकारीको व्यवस्थापन 'समस्याग्रस्त सहकारी व्यवस्थापन समिति' मार्फत भइरहेको जानकारी दिनुभयो।

उहाँले समस्याग्रस्त घोषणा भएका सबै सहकारी संस्थाका बचतकर्तासँग अनलाइनमाफत माग दाबी माग गरिएबमोजिम ५९ हजार पाँच सय ८७ वटा मागदाबी निवेदन प्राप्त भएको बताउनुभयो । उक्त निवेदनका आधारमा रु ३५ अर्ब ५१ करोड ७२ लाख ३५ हजार बराबरको दायित्व यकिन गरिएको छ । उहाँका अनुसार कुबेर बचत तथा ऋण सहकारी संस्था, स्ट्यान्डर्ड बहुउद्देश्यीय सहकारी संस्था र चार्टर्ड बचत तथा सहकारी संस्था गरी तीन वटा समस्याग्रस्त सहकारीको सम्पत्ति व्यवस्थापन तथा बचत भुक्तानी सम्पन्न गरिएको छ। यस्तै नेपाल राष्ट्र बैंकसमेतको संलग्नतामा सहकारी बैंकको सघन अनुगमन सम्पन्न भई वित्तीय स्वास्थ्य बलियो पारी सुशासन र प्रभावकारी सञ्चालनका लागि निर्देशन दिइएको छ । मन्त्री अधिकारीका अनुसार सहकारी संस्थाबाट गरिने कर चुक्ता र जग्गा रोक्का फुकुवाका लागि सहकारी तथा गरिबी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस)मा आबद्धता अनिवार्य गरिएको हो। उहाँले सहकारी ऐन, २०७४ संशोधनका लागि प्रारम्भिक मस्यौदा तयारी भएको जानकारीसमेत दिनुभयो।

सदनमा उठेका प्रश्नको जवाफ दिने क्रममा मन्त्री अधिकारीले राष्ट्रिय भूमि आयोगले भूमिहीनता वा सुकुम्बासी एवं अव्यवस्थित बसोबासीको समस्यालाई समाधानमा अपेक्षित उपलब्धि हासिल हुन नसकेको भन्दै नयाँ ढङ्गबाट कार्यसम्पादन गर्नका लागि चुस्त एवं विज्ञसहितको आयोग गठन गर्ने प्रक्रिया थालनी गरिएको जानकारी दिनुभयो । यद्यपि नयाँ आयोग गठन गर्ने प्रक्रियाबारे सर्वोच्चमा रिट परेर विचाराधीन अवस्थामा छ । उहाँले आगामी आवमा कम्तीमा पाँच लाख परिवारलाई जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण गर्ने लक्ष्यसहित 'जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भू-सम्बन्ध कार्यक्रम'अन्तर्गत आवश्यक बजेट व्यवस्था गरिएको उल्लेख गर्नुभयो । सुकुम्बासीले पुर्जा नपाएका सन्दर्भमा प्रचलित कानुनबमोजिम दर्ता गर्न मिल्ने सुकुम्बासी जग्गाको दर्तालाई द्रुतता दिन आगामी आर्थिक वर्षमा विशेष अभियान चलाउने बताउनुभएको छ । त्यसका लागि कानुनी संशोधन आवश्यकपर्ने क्षेत्रका हकमा सोको प्रक्रिया अगाडि बढाइने उहाँले बताउनुभयो । उहाँले नेपालको अन्तर्राष्ट्रिय सीमासम्बन्धी देखिएका समस्या द्विपक्षीय सहमतिबाट समाधान गरिने विषय भएकाले सोहीअनुसार काम अघि बढेको जानकारी दिनुभयो। मन्त्री अधिकारीले भू-उपयोग वर्गीकरण गर्दा कृषि क्षेत्रमा वर्गीकरण गर्नु चुनौतीपूर्ण देखिएको भए पनि भू-उपयोग क्षेत्र वर्गीकरण तथा भू-उपयोगसम्बन्धी कार्यक्रम कार्यान्वयनमा लैजाँदा कृषियोग्य जग्गाको संरक्षणलाई प्राथमिकतामा राखिएकाले भू-उपयोग क्षेत्र वर्गीकरणपश्चात् कृषियोग्य जग्गाको खण्डीकरण नियन्त्रण हुने विश्वास व्यक्त गर्नुभयो।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः १९९१/०५/२२ गते

स्वर्गारोहणः २०८१/०२/२९ गते

स्व. चन्द्र माया श्रेष्ठ

यस गुठीका गुठीयार पोखरा-८ सभागृहपथ निवासी सुरेश श्रेष्ठको ममतामयी माता **चन्द्र माया श्रेष्ठ** को ९० वर्षको उमेरमा भएको निधनले हामी गुठी परिवार अति नै मर्माहत र स्तब्ध भएका छौं। उहाँको स्वर्गारोहण भएको आज ११ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारणा गर्ने शक्ति भगवानले प्रदान गरून भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**श्री पंचमी गुठी परिवार, पोखरा**